केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <nrbbfirdppd@nrb.org.np>
Web Site : www.nrb.org.np
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक
## बैंक तथा वित्तीय संस्था नियमन विभाग

पत्र संख्या : बै.वि.नि.वि./नीति/सूचना/१४/०७४/७५

मिति: २०७४/१२/०४

## सूचना

**"क" वर्गका इजाजतपत्रप्राप्त वाणिज्य बैंकहरु,**

नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सार्वजनिक खरिद अनुगमन कार्यालयको यसै साथ संलग्न मिति २०७४/११/२७ च.नं.:-१५१६ को पत्रको व्यहोरा अवगत गरी मिति २०७४ चैत्र ६ गते मंगलबार, दिउसो १०:३० बजे देखि सार्वजनिक अनुगमन कार्यालयको तालिम हलमा Electronic Government Procurement System (e-GP System) संग सम्बन्धित Banking Interface Module संचालनमा बैंकहरुबाट जारी हुने Security Bond र Credit Line का विषयहरुमा छलफल तथा अन्तरक्रिया गर्नका लागि सहभागी हुन यो सूचना प्रकाशित गरिएको छ ।

भवदीय,

(नारायण प्रसाद पौडेल)
कार्यकारी निर्देशक

**बोधार्थ :**

१. श्री नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सार्वजनिक खरिद अनुगमन कार्यालय, ताहाचल काडमाडौं ।

२. श्री नेपाल बैंकर्स संघ, थापाथली, काठमाडौं ।

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

# सार्वजनिक खरिद अनुगमन कार्यालय

माहाचुुल, काठमाडौं, नेपाल

पत्र सं. ०७४/७५
च.नं. १५९६

मिति: २०७४/११/२७

PPD
वाणिज्य बैंकहरूलाई सहभागिता को लागि पत्राचार गर्नै।

विषय : छलफल तथा अन्तरक्रिया सम्बन्धमा ।

श्री नेपाल राष्ट्र बैंक,
बैंक तथा वित्तीय संस्था नियमन विभाग,
बालुवाटार, काठमाडौं ।

सार्वजनिक खरिद प्रक्रियालाई स्वच्छ, पारदर्शी, जवाफदेही, प्रतिस्पर्धी, गुणस्तरीय र आधुनिक प्रविधिमा आधारित बनाउने उद्देश्यले यस कार्यालयले स्थापना गरेको एकल पोर्टलमा आधारित विद्युतीय खरिद प्रणाली www.bolpatra.gov.np/egp को मिति २०७३/०१/०२ गते बाट Full Fledged Online Electronic Government Procurement (e-GP) System को शुभारम्भ भै मिति २०७४ साउन १ गते देखि सबै सार्वजनिक निकायहरुले प्रयोगमा ल्याई सकेको अवस्था छ । यसै सन्दर्भमा Full Fledged मा आधारित e-GP System सञ्चालनको लागि नेपाल राष्ट्र बैंक तथा २९ वटा वाणिज्य बैंकसँग मिति २०७२/११/२९ मा System को Banking Interface Module सञ्चालन गर्ने सम्बन्धी समझदारीपत्र (Memorandum Of Understanding –MOU) मा हस्ताक्षर भै कार्यान्वयनमा समेत आइसकेको छ । सो सन्दर्भमा e-GP System को Banking Interface Module सञ्चालनमा बैंकहरुबाट जारी हुने Security bond र Creditline का विषयहरुमा छलफल तथा अन्तरक्रिया गर्नको लागि सबै वाणिज्य बैंकहरु समेत देहायको मिति, स्थान र समयमा e-GP सँग सम्बन्धित Banking Instrument Verification गर्ने पदाधिकारीको सहभागिताका लागि निर्णयानुसार अनुरोध छ ।

गुणवंती खनाल
शाखा अधिकृत

**कार्यक्रम हुने मिति, स्थान र समय:**

मिति : २०७४ चैत ६ गते मंगलबार
समय : दिउँसो १०:३० बजे देखि
स्थान : सार्वजनिक अनुगमन कार्यालयको तालिम हल ।

Office Tel No. 01-4030518 Fax No. 01-4030642
Website: www.ppmo.gov.np